## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/१२/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | धर्मराज रोकाय<br>मु.नं (०७८-CR-००९६)<br>फैसला मिति २०८०/११/१५ | जग्गा खरिद बिक्री बापत उठेको राजश्व दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको । | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा दफा ८ को उपदफा (१) को खण्ड (ङ) वमोजिमको कसूरमा रु.२,१९,०००।-(अक्षेरुपी दुई लाख उन्नाइस हजार रुपैया) विगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आरोपपत्र दायर गरिएको । | • प्रतिवादीले वयान गर्दा काम गर्दा त्रुटी भएको हो, जानी जानी दोहोरो रुपमा भत्ता वितरण गरेको होईन, दोहोरो रुपमा वितरण भएको भत्ता रकम रु.४,३८,०००।- बेरुजु शिर्षकबाट सरकारी खातामा जम्मा गरिसकेको छु भनि आरोपित कसूरमा ईन्कार रही वयान गरेको देखिएको ।<br>• बेरुजु शिर्षकमा रु.४,३८,०००। राष्ट्रिय वाणिज्य बैंक, सिमिकोटमा जम्मा गरेको मिसिल संलग्न मिति २०७८।०८।२३ को भौचरबाट देखिएकोले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने । | • प्रस्तुत वारदातमा हुम्ला जिल्ला तत्कालिन लिमी गा.वि.स. सचिव धर्मराज रोकायाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आ.व. २०७०/०७१ मा रु.९६०००।-, २०७१/०७२ मा रु.१२४०००।-, २०७२/०७३ मा रु.२१८०००।- गरी जम्मा रु.४,३८,०००।- दोहोरो (एउटै नागरिकता नं. भएका व्यक्तिहरुका नाममा दुई पटक) रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको मिसिल संलग्न रहेको उक्त भत्ता बुझेको भरपाई कागजको प्रतिलिपीबाट देखिएको, हामीहरुले दोहोरो भत्ता कहिल्यै पनि लिएका छैनौ, हामीले दस्तखत गर्न जान्दैनौ भनी भत्ता वुझ्ने ब्यक्तिहरु उटुप तामाङ र उटुब जाङ्गमु तामाङ तथा साक्षीहरु छिरिङ तेन्डाक, रिङजिङ पुटी, टासो फुर्व तामाङ समेतले अनुसन्धानको क्रममा गरेको घटना बिबरण कागजबाट देखिएको, जानी जानी दोहोरो रुपमा भत्ता वितरण गरेको होईन, काम गर्ने क्रममा गल्ती भएको हो, दोहोरो रुपमा वितरण भएको भत्ता रकम रु.४,३८,०००।- बेरुजु शिर्षकबाट सरकारी खातामा जम्मा गरिसकेको छु भनि यी प्रतिवादीले वयान गरेको समेतका आधार प्रमाणबाट लाभग्राहीले दोहोरो रुपमा सामाजिक सुरक्षा भत्ता भूक्तानी लिएको भन्ने नदेखिएको र यी प्रतिवादीले सरकारी रकम लिने खाने बदनियतले झुठा भरपाई बनाई उक्त दोहोरो रुपमा वितरण गरिएको भनिएको भत्ता रकम खाईमासी आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएको छ ।<br>• उल्लिखित आधार प्रमाणबाट यी प्रतिवादीले वदनियतपूर्वक झुठा भरपाई बनाई सामाजिक सुरक्षाको रकम हिनामिना गरी आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएको छ । यी प्रतिवादीले लेखपढ समेत गर्न नजान्ने स्थानीय लाभग्राही ब्यक्तिहरुको नामको भत्ता बुझेको भन्ने झुठा भरपाई बनाई लगातार तीन आर्थिक वर्ष सम्म सामाजिक सुरक्षा भत्ता वापतको रकम आफैले खाई मासेको देखिएकोमा सो सम्वन्धमा उजुरी परे पश्चात निजले खाई मासेको उक्त रकम निजले आफूखुसी बेरुजु शिर्षकमा सरकारी खातामा जम्मा गर्दैमा निजले गरेको कसूरबाट उन्मुक्ति पाउन सक्दैन । "बेरुजु" र "भ्रष्टाचार कसूर" फरक फरक विषय हुन् । "बेरुजु" लेखा परिक्षणको विषय रहेको र सो सम्वन्धमा नेपालको संविधानको धारा २४१ बमोजिम महालेखा परीक्षकबाट लेखा परिक्षण हुँदा लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण हुनेछ भन्ने संवैधानिक ब्यवस्था देखिन्छ । उक्त संवैधानिक ब्यवस्थाबाट सरकारी काम कारवाही तथा आर्थिक कारोवारको लेखा परिक्षण गर्दा प्रकृयागत त्रुटीबाट सरकारी हानी नोक्सानी भएका तथा प्रकृयागत त्रुटीका विषयहरु मात्र वेरुजुका विषयहरु हुन भन्ने देखिन्छ । यी प्रतिवादीले झुठा भरपाई बनाई समाजिक सुरक्षा भत्ता वापतको रकम हिनामिना गरेको कार्य "बेरुजु" नभई भ्रष्टाचार निवारण ऐन बमोजिमको "कसूरजन्य कार्य" भएकोमा निज प्रतिवादीले उक्त हिनामिना गरेको रकम बेरुजु शिषर्कमा सरकारी खातामा दाखिला गरेको देखिएको भनी निज प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । सम्मानित सर्वोच्च अदालतबाट "भ्रष्टाचार हुनु र बेरूजु हुनु फरक फरक विषय हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाई द्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसूर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्ट रूपमा देखिनु पर्ने । बेरूजुको हकमा बिल भरपाइद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्ने सम्मको दायित्व हुने ।" (ने.का.प.२०७६, अंक ३, नि.नं-१०२०८), "प्रतिवादीहरुले मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्मामा रहेको रकम मासी खाने दुरुपयोग गर्ने गलत मनसायबाट काम कारवाही भएको देखिन्छ, यस्तो कार्य भ्रष्टाचारजन्य कसूर अन्तर्गत पर्ने ।" (स अ बुलेटिन वर्ष १८ अंक १९ माघ २०६६ पुर्णाङ्क ४२१ पृ २९) भनि सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्दान्त तथा फैसला समेतको प्रतिकूल रहेको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर भागी छ ।<br>• अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादी धर्मराज रोकायाले सामाजिक सुरक्षा भत्ता सरकारी रकम लिनेखाने बदनियतले झुठा भरपाई बनाई सरकारी रकम खाईमासी आरोपित कसूर गरेको पुष्टि भएकोमा बेरुजु शिर्षकबाट रकम जम्मा गरेको भन्ने आधारमा यी प्रतिवादीलाई सफाई दिने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण भएकोले प्रस्तुत फैसला उपर पुनरावेदन गर्ने। |